# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७४/०७५
चलानी नं. :- ६०३

मिति :- २०७४/६/१४

**विषय- निर्वाचन प्रचार प्रसारका पोष्टर, तुल, व्यानर रहित सफा राख्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै)
दक्षिणकाली नगरपालिका
काठमाडौं ।

उपर्युक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०७४/८/५ र च.नं. ११८९ को पत्र, निर्वाचन आयोगको मिति २०७४/७/२४ च.नं. २१०२ को पत्र र जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंको मिति २०७४/८/११ को पत्रानुसार प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनको प्रचार प्रसारको क्रममा राजनीतिक दल र उम्मेदवारहरुले प्रयोग गर्ने चुनावी पोष्टर, पम्पलेट, तुल, व्यानर, फ्लेक्स प्रिन्टको व्यानरहरुले नगर क्षेत्रको सौन्दर्यतामा प्रतिकुल असर पर्ने तथा उक्त कार्य निर्वाचन आचार संहिताको समेत प्रतिकुल हुने हुँदा नगरपालिका क्षेत्रमा यस प्रकारका सामाग्रीको प्रयोग हुन नदिन र प्रयोग भएको पाइएमा तुरुन्त हटाई नगर क्षेत्रलाई सफा र स्वच्छ तुल्याउन र निर्वाचन आंचार संहिताको पूर्ण रुपले पालना गर्नु गराउनु भनी आएको हुँदा आ-आफ्नो सम्बन्धित वडा क्षेत्रमा सोहि बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ । साथै जिल्ला समन्वय समितिको पत्र यसैसाथ संलग्न गरिएको छ ।

..........................
सुशीला पौडेल (ढकाल)
प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np